खैरहनी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

खैरहनी, चितवन

बागमती प्रदेश, नेपाल

प.सं.: २०८२।०८३

## नगर शिक्षा योजना निर्माणका लागि राय, सल्लाह तथा सुझाव सङ्कलन सम्वन्धी सूचना।

*(प्रथम पटक प्रकाशित मिति २०८३/०२/२८)*

खैरहनी नगरपालिकाले स्थानीय शासन र विकासका बहुआयामिक क्षेत्र सम्वन्धी सूचकहरुमा निरन्तर रूपमा उत्कृष्ट नतिजा हासिल गर्दै आएको व्यहोरा सर्वविदितै छ। यस नगरपालिकाको समग्र समृद्धि, गुणस्तरीय शैक्षिक व्यवस्थापन र संस्थागत सुशासनलाई थप सुदृढ वनाउन योजनावद्ध विकास अपरिहार्य रहन्छ। यसै सन्दर्भमा, नगर क्षेत्रको शिक्षा क्षेत्रलाई दूरदर्शी र नतिजामुखी वनाउने उद्देश्यका साथ यस नगरपालिकाले आफ्नो आवधिक योजना अन्तर्गत "दशवर्षीय नगर शिक्षा योजना" निर्माण कार्य अगाडि वढाएको छ। व्यवहारिक, कार्यान्वयनयोग्य र उत्कृष्ट शिक्षा योजना निर्माणका लागि नगरवासी तथा सम्पूर्ण सरोकारवालाहरूको सक्रिय, अर्थपूर्ण र सकारात्मक सहभागितांको अपेक्षा गरिएको छ। यस योजनालाई सफल बनाउनु र यसको अपनत्व ग्रहण गर्नु हामी सबैको साझा दायित्व हो। तसर्थ, नगर कार्यपालिकाको मिति २०८३ जेठ २८ गतेको निर्णयानुसार नगर शिक्षा योजनालाई सान्दर्भिक र नतिजामुखी वनाउनका लागि यसैसाथ संलग्न विषयहरूमा यहाँहरूको महत्तवपूर्ण राय सुझाव उपलब्ध गराइदिनुहुन सम्पूर्ण वुद्धिजीवी, शिक्षाप्रेमी, सरोकारवाला तथा नगरवासीहरूमा हार्दिक अनुरोध गरिन्छ।

<u>राय सुझाव उपलब्ध गराउनका लागि:</u>

Email: edu.khairahani@gmail.com

WhatsApp: शिक्षा अधिकृत (९८५५०५३३१६)

Facebook: www.facebook.com/share/18kNcsRcrw

(नेत्रप्रसाद पौडेल)

प्रमुख प्रशासकीय अधिकृत

## खैरहनी नगरपालिका, चितवन

### नगर शिक्षा योजना निर्माणमा सरोकारवालाको राय-सुझाव सङ्कलन फाराम

मिति:.........

सहभागीको नाम:                ठेगाना:                प्रतिनिधित्वको क्षेत्र:

| क्र.सं. | शिक्षा योजनाको उपक्षेत्र | विद्यमान समस्या | समाधानका लागि सुझाव |
|---|---|---|---|
| १ | समतामूलक पहुँच र सहभागिता | | |
| २ | गुणस्तर र सान्दर्भिकता | | |
| ३ | शिक्षक व्यवस्थापन र पेशागत विकास | | |
| ४ | भौतिक पूर्वाधार | | |
| ५ | पाठ्यक्रम र मूल्याङ्कन प्रणाली | | |
| ६ | समता र समावेशीकरण | | |
| ७ | विद्यालय सुशासन व्यवस्थापन र संस्थागत क्षमता विकास | | |
| ८ | विद्यालय शिक्षामा नवप्रवर्तन र सूचना प्रविधि | | |
| ९ | अनौपचारिक तथा जीवन पर्यन्त सिकाइ | | |
| १० | पाठ्यक्रम र मूल्याङ्कन | | |
| ११ | पोषण, सुरक्षा, विपद व्यवस्थापन र जलवायु परिवर्तन सवाल | | |
| १२ | शिक्षामा लगानी तथा स्रोत व्यवस्थापन | | |
| १३ | अन्य विषयहरु:<br>•<br>• | | |

खैरहनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय खैरहनी, चितवन बागमती प्रदेश २०७३

नेत्रप्रसाद पौडेल
प्रमुख प्रशासकीय अधिकृत